# साधारण सभामा प्रस्तुत प्रतिवेदन
# २०८१/१२/०९

**श्रीमान् अध्यक्षज्यू,**
**प्रमुख अतिथिज्यू, विशेष अतिथि, अतिथि ज्यूहरू**
**कार्य समितिका पदाधिकारी तथा सम्पूर्ण सभा सदस्यज्यूहरू र जेष्ठ नागरिक ज्यूहरू**

धनकुटा जिल्लाको समाजसेवा क्षेत्रका संस्थाहरूमा अग्रणी भूमिका निर्वाह गर्दै आएको विश्रान्ति मन्दिरको स्थापना, दाहसंस्कार कार्यलाई सहज बनाउने पवित्र उद्देश्यका साथ प्रारम्भ भएको हो । आज ४१ औं वर्ष पुरा भईरहेको सन्दर्भमा यस साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण सभा सदस्यज्यूहरू, प्रमुख अतिथि, आमन्त्रित अतिथिज्यूहरूमा हार्दिक अभिवादन व्यक्त गर्दछु । हाम्रो संस्था २०४० आषाढ १ गते स्थापना भई धनकुटा जिल्लामा दर्ता नं. १ भएको अग्रणी सामाजिक संस्था हो । यो अवधिमा संस्था दृष्टिकोणमुखी भएको छ । धार्मिक तथा सामाजिक कार्यको संयोजनबाट नेपालमा स्थापित संस्थाका रुपमा कार्यहरू गरी आएको निवेदन गर्न चाहन्छु । यस अवसरमा संस्थापकज्यूहरूलाई सम्झनु संस्थागत कर्तव्य हुनेछ । स्व.रामनारायण श्रेष्ठ संस्थापक अध्यक्ष, जसको दृष्टिकोणबाट संस्था जन्मियो, हुर्कियो र यहाँसम्म आईपुगेको छ । त्यसै गरी उपाध्यक्ष स्व. कृष्णप्रसाद वस्तीले न्वारन र कर्म दिनुभयो । स्व. गोविन्दप्रसाद जोशी, स्व. पहलमान प्रधान, स्व. इन्द्रमणी श्रेष्ठ, स्व.सूर्यनारायण श्रेष्ठ, स्व.गंगाबहादुर श्रेष्ठ, स्व. अमरबहादुर थापा, स्व. निलबहादुर घिमिरेहरू रहनुभएको थियो । जीवित एक मात्र संस्थापक वर्तमान अध्यक्ष शारदा प्रसाद मिश्रज्यूको साथ पाइरहेका छौं । व्यवस्थापक स्व. शिवप्रसाद पोखेल र विश्रान्ति परिसरको बगैंचा सहितको जग्गा दाता स्व. हरिप्रसाद घिमिरे सहितको संलग्नताले संस्थाले जन्मिने जीवन पाउने र ४१ औं वर्षसम्म हिडिरहने स्वास्थ्यता प्राप्त गरेको छ । त्यसैगरि जग्गा दाता स्व. तीर्थवहादुर श्रेष्ठ, स्व. अमरबहादुर थापा (धनकुटा ५ निवासि तुलादेवी गंगादेवी थापा सहित) वहाँहरूको सम्पूर्ण परिवारमा सम्मान व्यक्त गर्दछौं । मिति २०८१ फाल्गुन २६ गते शनिवार पहिलो पटक बोलाइएको साधारण सभामा विश्रान्ति मन्दिरको विधान २०४० संसोधन २०६५ को परिच्छेद ५ को दफा १७ वमोजिम गणपूरक संख्या नपुगेको हुँदा परिच्छेद ५ को दफा १० उपनियम ३ र ४ अनुसार आ.व.२०८०/०८१ को लागि आज दोस्रो पटक साधारण सभा बोलाइएको यो गरिमामय सभा समक्ष निवेदन गर्दछु । वर्तमान समयमा विश्रान्तिको संरचनामा मूल समिति १५ सदस्यीय रहेको छ । यसको मातहतमा ११ सदसीय उप-समिति रहेको छ । साथै तेह्र ओटा विभिन्न विभागहरू रहेका छन् । त्यसैगरी धनकुटादेखि काठमाण्डौंसम्म विश्रान्ति आमा कार्यक्रम क्रियाशिल रहेको छ साथै धनकुटामा विश्रान्ति युवा सरोकार समाज गठन भई समिति, उप-समिति, विभाग, समाज आदि सबै संयन्त्रहरू सञ्चालनमा रहेका छन् ।

**संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरू निम्नानुसार रहेका छन्-**

- वृद्धाश्रम सञ्चालन कार्यक्रम
- गौशाला सञ्चालन कार्यक्रम
- स्वास्थ्य सेवा कार्यक्रम
- मौसमी आयआर्जन कार्यक्रम
- धार्मिक वन कार्यक्रम
- धार्मिक कार्यक्रम सञ्चालन
- दाहसंस्कार कार्यक्रम
- करेसाबारी सञ्चालन कार्यक्रम
- पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन
- अचल कोष निर्माण कार्यक्रम
- गुरुकुल र कर्मकाण्ड कार्यक्रम सञ्चालन
- विश्रान्ति मन्दिरको सदस्यता विस्तार कार्यक्रम विश्रान्तिलाई आमा चाहियो अभियान सञ्चालन (साधारण सदस्यता वितरण)

**चालु आ.व.मा सञ्चालित तथा आगामी बर्षहरूमा सञ्चालन गरिने कार्यक्रमहरू**

- आश्रममा रहेका हिलो माटो जडित पुराना जीर्ण भवनहरू हटाउँदै भूकम्प प्रतिरोधात्मक सुविधायुक्त ज्येष्ठ नागरिक आवासहरू क्रमश: निर्माण गर्दै लगिनेछ ।
- विश्रान्ति परिसरमा पाल्नु हुने सवै प्रकारका पर्यटकहरूलाई आकर्षण गर्ने गरि **विभिन्न बाटिकाहरू** निर्माण गरिनेछ ।
- आर्थिक रुपले विपन्न महानुभावहरूले आफ्ना माता/पिता लगायतको काजकृया विश्रान्ति मन्दिर परिसरमा बसेर गर्ने कार्यका लागि संस्थाले काजकृया स्थल, ब्राम्हण तथा संस्थामा उपलब्ध सामग्री नि:शुल्क व्यवस्था मिलाइने योजना अनुरुप कार्य सञ्चालित छ । केहि र आफन्त सहयोगी कोहि नभएका दर्जनौं व्यक्तिहरूको मृत्यु संस्कारका सम्पूर्ण कार्य संस्थाले गरिदिएको छ ।

- दाता स्व. तिर्थबहादुर श्रेष्ठ (मुखिया) बाट दान स्वरुप प्राप्त करिव २० रोपनी 'तिर्थबारी' को जमिनमा सञ्चालन गर्न सकिने कार्यक्रमहरू बारे अध्ययन प्रारम्भ गरि प्राप्त निष्कर्षलाई कार्यान्वयन गरिनेछ ।
- तमोर नदी कटान तथा प्रभाव न्यूनिकरणको लागि तटवन्ध लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यक्रम अर्न्तगत धनकुटा नगरपालिका, सिंचाइ कार्यालय धनकुटा र संस्थाको आन्तरिक स्रोतबाट करिव ३० मिटर नदी गड्तिरमा तारजाली सहित ढुंगाको तटवन्ध थप गरिने छ ।
- विश्रान्ति मन्दिर परिसरमा कम्तिमा वार्षिक रुपमा एउटा अनुष्ठान भव्य रुपमा सम्पन्न गरिने छ । नवरात्र उत्सव भव्य रुपमा सम्पन्न गरियो भने आगामि बर्ष शिवमहापुराण अनुष्ठान गरिने छ ।।
- दाह भट्टी परिसरमा भएको विनासका कारण पुनर्निर्माण गर्नै पर्ने सार्वजनिक महत्वको मलामी कटेरा, मलामी खाजा घर, अस्थायी शौचालय आदि सरसफाइका लागि ध.न.पा. धनकुटा र भीमदल गण धनकुटालाई अनुरोध गर्ने र संस्थाको आन्तरिक स्रोत परिचालन गरी पूर्वाधारहरूको सरसफाइ, पुन निर्माण र सञ्चालन गरिनेछ ।
- भान्सा भवन भन्दा माथिल्लो तलाको बाँकी काम सम्पन्न गर्दै हरेक कोठा दातालाई प्रदान गर्ने दाताको तर्फबाट सिलालेख राख्न पाउँने गरी प्रतिकोठा रु. ६,२५,०००।- रकम कायम गरि प्रदान गर्ने कार्य प्रारम्भ भएको छ । साविक धनकुटा-६ निवासी श्री मदनमान अमात्य तथा भूपेन्द्रमान अमात्य साथै राजेन्द्रकुमार श्रेष्ठ, स्व. विजयकुमार श्रेष्ठ, भूपेन्द्र श्रेष्ठ, ईश्वरकुमार श्रेष्ठ, भगवान कुमार साथै सुमित्रा+रमला श्रेष्ठहरुको लगानीबाट दुई वटा प्रकोष्ट निर्माण सम्पन्न भएको छ । चालु आ.व.मा धनकुटा ६ निवासी विमला श्रेष्ठ र परिवारबाट एउटा प्रकोष्टमा सिलालेखीकरण भएको छ ।
- मन्दिर वरिपरी, हरिहर भवन र पितृ भवन प्राङ्गणमा स्थानीय ढुङ्गा छपान कार्य गरिने छ ।
- जेष्ठ नागरिक पूर्ण आश्रित आवासीय संख्या बढोत्तरी गरी नेपाल सरकारले तयार गरे अनुरुपको न्यूनतम मापदण्ड पुरा गर्ने कार्य प्रारम्भ गरी व्यवस्थित गर्दै लगिने छ । ज्येष्ठ नागरिक जिल्ला संघ र धनकुटाका विभिन्न वार्डसमितिहरूमा समेत सहकार्य गरी आश्रम परिसर भन्दा बाहिर समेत हाम्रा जेष्ठ नागरिक कार्यक्रमहरूलाई बढवा गरिदै लगिनेछ ।
- प्रकृति मानव केन्द्रित अभियान अन्तर्गत धार्मिक वन, विश्रान्ति परिसर स्थल लगायतका क्षेत्रहरूमा नवविकास मोडल वारे अध्ययन प्रारम्भ गरिनेछ ।
- हाल जीर्ण रहेका कच्ची पुराना भवनहरूलाई पूननिर्माण गरी अपाङ्गमैत्री आवास स्थल निर्माण गर्ने योजना रहेको छ । साथै आन्तरिक आकर्षण बढाउने विभिन्न प्रकारका निर्माण र सजावटका कार्य क्रमशः गरिदै लगिनेछ ।
- गुरुकुलम र कर्मकाण्ड केन्द्रित योजनाहरूलाई अलग्गै अचलकोष सहितको प्रभावकारी कार्यक्रम कार्यान्वयन गरिनेछ । साथै पुस्तकालय, विश्रान्ति मुखपत्र प्रकाशन तथा आध्यात्मिक र सनातन चिन्तनयुक्त साधना स्थल निर्माण र कार्यान्वयन गरिनेछ । गुरुकुलको कक्षा थप गर्दै लाने तथा उक्त कार्यका लागि पूर्वाधार निर्माण ( पाकशाला निर्माण, कक्षा कोठाहरू निर्माण, स्नान घर निर्माण) लगायतका कार्यहरू गरिने छन् ।
- पिउने पानी ट्याङ्की जीर्ण भएकाले पुनर्निर्माण वा वैकल्पिक योजना निर्माण गरी आवास क्षेत्रमा शुद्ध पिउने पानी व्यवस्थित गरी उपलब्ध गराइने छ ।
- वृद्धग्राम निर्माण कार्यलाई प्राथमिकताका साथ अध्ययन प्रारम्भ गरिनेछ साथै विश्रान्तिधामका थप कार्यक्रम संचालनका लागि थप जमिन विस्तार गर्न दाताहरु परिचालन गरी खरिद गरिदै लगिने छ ।
- आद्यात्मिक तथा धार्मिक पर्यटकीय विकासलाई विश्रान्ति मन्दिरले अबको चुनौति मानी त्यस्ता कार्यक्रमहरूलाई संस्थाको केन्द्रीय कार्यक्रमका रुपमा लिएर सो अनुसारका नीति तथा गतिविधिहरू विस्तार र सञ्चालन गरिने छन् ।
- सिसि क्यामेरा जडान, सुरक्षा गार्डको व्यवस्था तथा स्थानीय सुरक्षा निकायहरूसँगको सहकार्यमा विश्रान्ति परिसरको आन्तरिक सुरक्षाको आवश्यक व्यवस्था मिलाइने छ ।
- विश्रान्तिधामलाई अझ व्यापक, विस्तार, फराक, पारदर्शि र लोकप्रिय बनाउने कार्यक्रम उत्पादन गरिनेछ । आर्थिक र अन्य गतिविधि सार्वजनिक गर्न वेभसाइट निर्माण गर्ने कार्य US बाट मेटापिलर नामक संस्थाले निःशुल्क रुपमा निर्माण गरिदिएको र श्रेस्ताहरू राख्ने कार्यहरू प्रारम्भ भएको छ । साथै सामाजिक सञ्जाल र स्थानीय सञ्चार साधनहरूको अधिकतम प्रयोग गरी विश्रान्ति सम्वन्धि कार्यक्रम (**विश्रान्ति अपडेट**) र विविध गतिविधिहरू निरन्तर स्थानीय सञ्चार माध्यमको सहकार्यमा प्रशारण गरिनेछ । साथै विश्रान्तिलाई उजागर गराउन खोज, अनुसन्धान, प्रकाशन, प्रचार प्रसार, सूचना निर्माण, छलफल, चिन्तन र निरन्तर प्रसारण तथा पुराना दाताहरूसँग थप सम्बन्ध विस्तारका योजनाहरू निर्माण र कार्यान्वयन गरिने छ ।

- विश्रान्ति स्थापना देखि वर्तमान समय सम्मको डकुमेन्ट्री निर्माण गरी प्रशारण गरिने छ । उक्त डकुमेन्ट्री निर्माणको हाल करिव ८० प्रतिशत कार्य सम्पन्न भइसकेको छ । साथै ठूलो स्क्रीनको T.V को प्रयोगबाट आश्रम भित्र धार्मिक गतिविधि निरन्तर प्रशारण गरिने व्यवस्था मिलाइने छ ।

## विश्रान्ति धामका विद्यमान समस्या तथा चुनौतिहरू

### समस्या

### १.मानवीय समस्या

क) स्वयं सेवा भावको समस्या,

ख) वृद्ध सम्बन्धि रोगहरू

ग) आश्रित जेष्ठ नागरिकको विद्यमान अवस्था

- अधिकाशं शारीरिक तथा मानसिक अपाङ्गता
- स्वभाव, भावना, व्यवहार आदिका कारण परिवार र समाजबाट विस्थापित भएका ।
- स्वविवेक प्रयोग वा स्वनिर्णय क्षमताको अभाव भएका जेष्ठ नागरिकहरूको बाहुल्यता ।
- जीवनभर अन्य व्यक्तिसँग आश्रित स्वभाव ।
- त्यागको भावमा अभाव, लोभ लालचमा प्रोत्साहित, मरण सास्वत भएको भाव विकास र परलौकिक तथा वैराग्य भावको अभाव ।

घ) स्वक्षमता पहिचानको अभाव

- आश्रित ज्येष्ठ नागरिकहरूमा आफू वास्तवमै अपहेलित, विपन्न, रोगी, पीडित र कमजोर भएको भाव अरुलाई प्रस्तुत गर्ने, आफूलाई दया गरुन् भन्न रुचाउने साथै आश्रित भन्दा अधिकार सम्झने र घुर्क्याउने ।

### चुनौती

### क) संस्थागत सुरक्षा चुनौती

- खहरे तथा नदीबाट वर्षाको समयमा धेरै चुनौतीहरू व्यहोर्न परेको छ । नदी क्षेत्रबाट पर्यटकहरू तथा मानसिक समस्या रहेका आश्रमबासीहरूलाई पटक-पटक नदीले बगाएको, मन्दिर परिसर नदी किनारबाट वालुवा ढुङ्गाहरू बाहिर लाने गरेको ।
- आश्रममा आश्रित कतिपय पहिचान नखुलेका ज्येष्ठ नागरिकहरू नागरिकता नभएर राष्ट्रबाट प्राप्त गर्ने सेवा सुविधाबाट वञ्चित छन् ।
- विश्रान्ति मन्दिर आश्रमको नाममा वाहिरी जिल्लाहरूमा अनाधिकृत रुपमा आर्थिक सहयोग उठाउने गरिएको छ जसलाई निस्तेज गर्ने प्रयत्न भएको छ ।
- संस्था क्रमशः पूर्वाधार सम्पन्न हुँदै रहेको छ, भौतिक सामाग्री सम्पन्न हुँदै रहेको छ, भक्तजन तथा आन्तरिक धार्मिक पर्यटकहरूको संख्या क्रमशः वढ्दै गएको छ, ऐकेश्वर लिङ्गात्मक रुद्राक्ष सहितको सुरक्षा चुनौती रहेको छ, त्यसैले दिनप्रतिदिन आन्तरिक सुरक्षा चुनौति वढ्दो रुपमा देखिन्छ ।
- विश्रान्ति धार्मिक वनमा भएका रुख विरुवा काट्ने, चोर्ने, चौपाय छाडा छोड्ने जमिन अतिक्रमण गर्ने जस्ता विविध किसिमका संरक्षण चुनौतीहरू रहेका छन् ।
- वढ्दो मंहगीका कारण ज्येष्ठ नागरिक, गुरुकुलम कार्यक्रम संचालन अन्तर्गत खाद्यान्न, लत्ता कपडा, शब्जी व्यवस्थापन, अतिरित्त दैनिक प्रयोग हुने सामाग्री व्यवस्थापन जस्ता कुराहरूमा दिनप्रतिदिन वढ्दो महंगीका कारण चुनौतीहरू थपिएका छन् ।

### ख) भौतिक चुनौती

**क**) बढ्दो महंगीको कारण आर्थिक चुनौति (तलव, स्वास्थ्य उपचार, भरणपोषण, लत्ता कपडा, सरसफाई, दक्ष जनशक्ति)

**ख**) वृद्ध मैत्री, अपाङ्ग मैत्री, भुकम्प प्रतिरोधात्मक सुविधा सम्पन्न बसोवास ।

**ग**) मनोक्रियात्मक व्यस्त गराउने साधनहरूको अभाव ।

**घ**) नियमित सत्संग गराउने योग्य साधु, सन्त, योगी, विद्वान तथा अध्यात्मिक दर्शनका ज्ञानीको अभाव ।

**ङ**) आश्रित जेष्ठ नागरिकहरूसंग घुलमेल हुन चाहना गर्ने नयाँ पुस्ता परिचालित कार्यक्रमको अभाब ।

**नमूना विश्रान्तिधाम र आशातित लक्षणहरू**

- कुनै सामाजिक संस्थाले ४ दशकसम्म निरन्तरता पाइरहनु राष्ट्रका लागि गौरवको विषय हो । प्रण र प्रतिवद्धताका साथ लागि पर्ने सामाजिक संस्थाले स्वयम्सेवक र कार्यकर्ता पाइरहने हो भने अन्य यस्ता सामाजिक संस्थाहरूका लागि नमूना नै बनिरहने छ । यसरी हजारौं हजार सहयोगी हातहरू, सकारात्मक सोचहरू, शुभचिन्तकहरू र सद्विचारहरूको उपस्थिति भइरहँदा छिट्टै नेपालको उत्कृष्ट नमूना वृद्धाश्रम बन्ने विश्वास दिलाउन चाहन्छु ।
- संस्थाले दर्जनौ मान सम्मान प्रशंसा पत्रहरू प्राप्त गरिसकेको छ ।
- रु १ मा १ करोड अभियान सफल भएको नेपालकै एक मात्र उदाहरणीय काम विश्रान्ति मन्दिरले गरेको छ । यसैगरी ६०० रोपनी जमिन धार्मिक वनका रूपमा प्राप्त गर्नु, दशौं हजार लासहरूको व्यवस्थित दहन हुनु, नौलो पितृस्तम्भ निर्माण हुनु, अतिरिक्त आयमूलक कार्यक्रम सञ्चालन गर्नु, संस्कार, संस्कृति, परम्परा संरक्षणका लागि दुर दराज स्थलमा गुरुकुल सञ्चालित हुनु, ४० औं वर्षसम्म वृद्धाश्रमले निरन्तरता पाउनु लगायतका धाम निर्माण कार्य सफल भएर धार्मिक पर्यटन केन्द्रका रूपमा दिन प्रतिदिन विश्रान्तिको व्यापकता हुँदै रहेको छ ।
- धनकुटा जिल्लाका युवाहरू, विश्रान्ति युवा सरोकार समूहको नामबाट विश्रान्तिबाट सञ्चालित हरेक कार्यक्रमहरूमा क्रियाशील रहनु भएको छ ।
- काठमाडौंमा धनकुटेली चेलीवेटी विश्रान्ति सरोकार समिति गठन भई क्रियाशील रहेको छ ।
- विश्रान्तिले सञ्चालन गरेका कार्यक्रमहरूको अनुसरणहरू गरेका पर्याप्त उदाहरणहरू रहेका छन् । अन्य जिल्लाका उत्साहित सामाजिक संस्थाहरू तथा स्थानीय निकायहरूले विश्रान्ति वृद्धाश्रमका बारेमा अध्ययन गर्ने उद्देश्यमा भ्रमण गर्ने गरेका छन् ।
- विश्रान्तिधामको नौलो प्रस्तुति दैनिक रूपमा "विश्रान्ति अपडेट" भनेर FM रेडियो, युटुव, फेसवुक माध्यमबाट निरन्तर जानकारी, पारदर्शि साथै विश्वभरबाट सजिलै सबै सूचना प्राप्त गर्न वेभसाइड सञ्चालनमा रहेको छ । विश्रान्तिधामले सञ्चालन गरेका गतिविधिहरू संस्थाले निर्माण गरेको निर्देशिका बमोजिम सञ्चालित रहेका छन् । निर्देशिका नै निर्माण गरी कार्यान्वयन गर्ने संस्थाका रूपमा विश्रान्तिद्वारा सञ्चालित कार्यप्रति यो संस्था तथा यस संस्थामा आवद्ध जो कोहि व्यक्तिहरू गौरव गर्दछौ र आत्म सम्मान बोध भएको महशुस गरेका छौं ।
- यति हुँदा हुँदै पनि विश्रान्ति परिसरलाई शान्त बनाउनु छ । ओजयुक्त बनाउनु छ । आध्यात्मिक साधन स्थल बनाउनु छ । प्रेमभावमय वातावरण बनाउनु छ । सधै आत्मिक आनन्द र शितलता प्राप्त गर्न सकिने गरिको पवित्र, आदर्श र तेजस्वी तपोभूमी बनाउनु छ । अनि समग्र समाजलाई सनातनी सदा-सदा उज्यालो प्रदान गर्न सक्ने संस्था बनाइराख्नु छ ।

***जय विश्रान्ति !***

**२०८१ चैत्र ९ गते साधारण सभामा प्रस्तुत ।**

**प्रस्तुतकर्ता**
**जनार्दन घिमिरे** (WD)
**महासचिव**